२०७८ पुष १४

# प्रेस वक्तव्य

## नेपाल सरकारद्वारा मिथिला चित्रकलामा दिगो विकास लक्ष्य चित्रण भएको हुलाक टिकट जारी

**काठमाडौं, नेपाल**- फिलाटेलिक र हुलाक टिकट व्यवस्थापनको इतिहासमा पहिलो पटक नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आज वि.सं. २०७८ पुष १४ गते मिथिला चित्रकलामा दिगो विकास लक्ष्य (एसडीजी)हरु चित्रण भएको १७ वटा हुलाक टिकट जारी गरेको छ ।

मन्त्रालयमा आयोजित हुलाक टिकटको प्रथम दिवसीय आवरण टाँचा प्रदान कार्यक्रम २०७८ विशेष समारोहमा, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की , सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याल र हुलाक सेवा विभागका महानिर्देशक इन्दु घिमिरे ले 'मिथिलामा एसडीजीहरु' शीर्षकका साथै अन्य १४ हुलाक टिकटहरु औपचारिक रुपमा सार्वजनिक गर्नुभयो । समारोहमा र नेपालस्थित संयुक्त राष्ट्रसङ्घका कार्यवाहक आवासीय संयोजक रोबर्ट कास्का सहभागी हुनुहुन्थ्यो ।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भन्नुभयो, “एसडीजी हुलाक टिकटले एसडीजी हासिल गर्नेतर्फ नेपालको प्रतिबद्धतालाई पुनःजोड दिंदै नेपाली कला क्षेत्रप्रति सचेतना पनि अभिवृद्धि गर्नेछ ।”

आज हुलाक टिकटका रुपमा जारी भएको मिथिला चित्रकलामा दिगो विकास लक्ष्यहरुको मूल सिर्जना जनकपुरका स्थानीय महिला कलाकारहरुले वि.सं. २०७१ मा गरेका हुन्, जुन कार्य नेपालस्थित संयुक्त राष्ट्रसङ्घ र जनकपुर महिला विकास केन्द्रबीचको सहकार्यमा भएको थियो ।

कार्यवाहक राष्ट्रसङ्घीय आवासीय संयोजक रोबर्ट कास्काले भन्नुभयो, “एसडीजी हुलाक टिकट जारी हुने कार्यले नेपालमा दिगो विकास लक्ष्यहरुलाई स्थानियकरण गर्ने संयुक्त राष्ट्रसङ्घको प्रयासमाथि प्रकाश पार्नुका साथै दिगो विकास लक्ष्यहरुलाई सन् २०३० भित्र हासिल गरिसक्ने नेपालको प्रतिबद्धता र तत्परतालाई प्रतिबिम्वत गर्दछ । यससम्बन्धमा प्रगतिलाई द्रुत गति प्रदान गर्ने नेपाल सरकारको प्रयासहरुलाई नेपालस्थित संयुक्त राष्ट्रसङ्घ सराहना गर्दछ।”

दिगो विकास लक्ष्यहरु सबैका लागि पहुँचयुक्त र बुझ्न सकिने बनाउनका लागि स्वदेशी कला प्रयोग गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको आवासीय संयोजकको कार्यालयले १७ वटा एसडीजी प्रतिकचिन्हरुलाई स्थानीय कलामार्फत स्थानियकरण गर्ने कार्यको थालनी गरेको छ । मिथिला कलामा १७ वटा एसडीजी प्रतिकचिन्हहरुको सिर्जना पछि ती चित्रकलाहरु न्यूर्योकस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले सन् २०१९ मा आयोजना गरेको ‘एसडीजीहरुका लागि कलाः मिथिला सम्पदा’ शीर्षकको प्रदर्शनीमा र न्यूर्योकस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजित मिथिला महोत्सवमा पनि सहभागी गराइएको थियो ।

UNITED NATIONS
NEPAL

#

**थप जानकारीका लागि, सम्पर्क ः**

सिम्रिका शर्मा
टेलिफोन ः ९८४१५९२६९२
इमेल ः Simrika.sharma@one.un.org

**सम्पादकलाई टिपोट ः**

**संयुक्त राष्ट्रसङ्घ आवासीय संयोजकको कार्यालय** ःसंयुक्त राष्ट्रसङ्घ आवासीय संयोजकको कार्यालय (युएन आरसीओ) नेपालमा राष्ट्रसङ्घीय आवासीय संयोजकको रणनीतिक निर्देशनमा काम गर्दछ र दिगो विकासका लागि २०३० एजेण्डालाई अगाडि बढाउनमा युएन कन्ट्रीटीम (युएनसिटी)लाई मद्दत गर्दछ । युएनआरसिओको टोलीले आवासीय संयोजक र युएनसीटीलाई संयुक्त राष्ट्रसङ्घले गर्ने काममा अझ बढी समन्वयात्मक र सामञ्जस्यपूर्ण अवधारणा अवलम्बन गरिएको सुनिश्चित गर्न सहयोग गर्दछ । युएनआरसिओको टोलीमा विकास र मानवीय समन्वय, सूचना व्यवस्थापन, मानवअधिकार, लैङ्गिक समानता र सञ्चार क्षेत्रका विज्ञहरु समावेश छन् ।

**एसडीजी** ः सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुले दिगो विकासका लागि २०३० एजेण्डा अवलम्बन गर्दै कसैलाई पनि पछाडि नछाडि मानिस र पृथ्वीको शान्ति र समृद्धिका लागि एउटा साझा योजनामा सामूहिक प्रतिबद्धता जनाए । १७ वटा दिगो विकास लक्ष्यहरु (एसडीजी)हरु एकीकृत र अवभाज्य छन् र आर्थिक, सामाजिक र वातवरणीय गरी दिगो विकासका तीन वटा आयामहरुलाई सन्तुलमा राख्ने काम गर्छन् । लक्ष्यहरु सबैको मानवअधिकार सुनिश्चित गर्न र लैङ्गिक समानता तथा सबै महिला तथा किशोरीहरुको सशक्तीकरण हासिल गर्नेतर्फ केन्द्रित छन् ।

२०७८ पुष १४

## प्रेस वक्तव्य

# नेपालसरकारद्वारा मिथिला चित्रकलामा दिगो विकास लक्ष्य चित्रणभएको हुलाक टिकट जारी

काठमाडौं, नेपाल- फिलाटेलिक र हुलाक टिकट व्यवस्थापनको इतिहासमा पहिलो पटक नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आज वि.सं. २०७८ पुष १४ गते मिथिला चित्रकलामा दिगो विकास लक्ष्य (एसडीजी)हरु चित्रण भएको १७ वटा हुलाक टिकट जारी गरेको छ ।

मन्त्रालयमा आयोजित हुलाक टिकटको प्रथम दिवसीय आवरण टाँचा प्रदान कार्यक्रम २०७८ विशेष समारोहमा, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की , सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याल र हुलाक सेवा विभागका महानिर्देशक इन्दु घिमिरे ले ''मिथिलामा एसडीजीहरु' शीर्षकका साथै अन्य १४ हुलाक टिकटहरु औपचारिक रुपमा सार्वजनिक गर्नुभयो । समारोहमा र नेपालस्थित संयुक्त राष्ट्रसङ्घका कार्यवाहक आवासीय संयोजक रोबर्ट कास्का सहभागी हुनुहुन्थ्यो ।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भन्नुभयो, "एसडीजी हुलाक टिकटले एसडीजी हासिल गर्नेतर्फ नेपालको प्रतिबद्धतालाई पुनःजोड दिंदै नेपाली कला क्षेत्रप्रति सचेतना पनि अभिवृद्धि गर्नेछ ।"

आज हुलाक टिकटका रुपमा जारी भएको मिथिला चित्रकलामा दिगो विकास लक्ष्यहरुको मूल सिर्जना जनकपुरका प्रख्यात स्थानीय महिला कलाकारहरुले वि.सं. २०७१ मा गरेका हुन्, जुन कार्य नेपालस्थित संयुक्त राष्ट्रसङ्घ र जनकपुर महिला विकास केन्द्रबीचको सहकार्यमा भएको थियो ।

कार्यवाहक राष्ट्रसङ्घीय आवासीय संयोजक रोर्बट कास्काले भन्नुभयो, "एसडीजी हुलाक टिकट जारी हुने कार्यले नेपालमा दिगो विकास लक्ष्यहरुलाई स्थानियकरण गर्ने संयुक्त राष्ट्रसङ्घको प्रयासमाथि प्रकाश पार्नुका साथै दिगो विकास लक्ष्यहरुलाई सन् २०३० भित्र हासिल गरिसक्ने नेपालको प्रतिबद्धता र तत्परतालाई प्रतिबिम्वत गर्दछ । यससम्बन्धमा प्रगतिलाई द्रुत गति प्रदान गर्ने नेपाल सरकारको प्रयासहरुलाई नेपालस्थित संयुक्त राष्ट्रसङ्घ सराहना गर्दछ।"

दिगो विकास लक्ष्यहरु सबैका लागि पहुँचयुक्त र बुझ्न सकिने बनाउनका लागि स्वदेशी कला प्रयोग गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको आवासीय संयोजकको कार्यालयले १७ वटा एसडीजी प्रतिकचिन्हरुलाई स्थानीय कलामार्फत स्थानियकरण गर्ने कार्यको थालनी गरेको छ । मिथिला कलामा १७ वटा एसडीजी प्रतिकचिन्हहरुको सिर्जना पछि ती चित्रकलाहरु न्यूर्योकस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले सन् २०१९ मा आयोजना गरेको 'एसडीजीहरुका लागि कलाः मिथिला सम्पदा' शीर्षकको प्रदर्शनीमा र न्यूर्योकस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजित मिथिला महोत्सवमा पनि सहभागी गराइएको थियो ।

#

**थप जानकारीका लागि, सम्पर्क :**
सिम्रिका शर्मा
टेलिफोन : ९८४१५९२६९२

इमेल : Simrika.sharma@one.un.org

**सम्पादकलाई टिपोट :**

**संयुक्त राष्ट्रसङ्घ आवासीय संयोजकको कार्यालय**:संयुक्त राष्ट्रसङ्घ आवासीय संयोजकको कार्यालय (युएन आरसीओ) नेपालमा राष्ट्रसङ्घीय आवासीय संयोजकको रणनीतिक निर्देशनमा काम गर्दछ र दिगो विकासका लागि २०३० एजेण्डालाई अगाडि बढाउनमा युएन कन्ट्रीटीम (युएनसिटी)लाई मद्दत गर्दछ। युएनआरसिओको टोलीले आवासीय संयोजक र युएनसीटीलाई संयुक्त राष्ट्रसङ्घले गर्ने काममा अझ बढी समन्वयात्मक र सामञ्जस्यपूर्ण अवधारणा अवलम्बन गरिएको सुनिश्चित गर्न सहयोग गर्दछ । युएनआरसिओको टोलीमा विकास र मानवीय समन्वय, सूचना व्यवस्थापन, मानवअधिकार, लैङ्गिक समानता र सञ्चार क्षेत्रका विज्ञहरु समावेश छन् ।

**एसडीजीहरुका बारेमा** : सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुले दिगो विकासका लागि २०३० एजेण्डा अवलम्बन गर्दै कोही पनि पछाडि नपरुन भन्ने मान्यताका साथ मानिस र पृथ्वीको शान्ति र समृद्धिका लागि एउटा साझा योजनामा सामूहिक प्रतिबद्धता जनाए । १७ वटा दिगो विकास लक्ष्यहरु (एसडीजी)हरु एकीकृत र अवभाज्य छन् र आर्थिक, सामाजिक र वातवरणीय गरी दिगो विकासका तीन वटा आयामहरुलाई सन्तुलमा राख्ने काम गर्छन् । लक्ष्यहरु सबैको मानवअधिकार सुनिश्चित गर्न र लैङ्गिक समानता तथा सबै महिला तथा किशोरीहरुको सशक्तीकरण हासिल गर्नेतर्फ केन्द्रित छन् ।